७६३२

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

## मु.नं. १४१/०७३/७४

## निर्णय नं. १३३

जिल्ला जुम्ला, हाल सितापाईला, काठमाडौंका अंगराज भारती ..............................१ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, सिभिल बैंक लि. केन्द्रीय कार्यालय, काठमाडौं ..............................१ } विपक्षी
सूचना अधिकारी, सिभिल बैंक लि. केन्द्रीय कार्यालय, काठमाडौं ..............................१ }

**विषय :- सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।**

जिल्ला जुम्ला, हाल सितापाईला, काठमाडौंका अंगराज भारतीले सिभिल बैंक लि. केन्द्रीय कार्यालय, काठमाडौं समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०५।०६ मा पुनरावेदन गरेको । उक्त पुनरावेदनको सम्बन्धमा यस आयोगबाट मिति २०७३।०५।२५ मा माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी बिपक्षी सिभिल बैंक लि. केन्द्रीय कार्यालय, काठमाडौंको नाममा आदेश भएको । उक्त आदेश कार्यान्वयनको सम्बन्धमा यस आयोगको च. नं. ३८७ मिति २०७३।०५।२१ को पत्रबाट सिभिल बैंक लि. केन्द्रीय कार्यालय, काठमाडौंलाई लेखी गएको । तत् पश्चात सिभिल बैंक लि. केन्द्रीय कार्यालय, काठमाडौंको Ref. CiBL/OGL/124/2016 मिति २०७३।०६।०५ को पत्रबाट पुनरावेदकलाई सूचना उपलब्ध गराएको वोधार्थ पत्र यस आयोगमा मिति २०७३।०६।०६ मा प्राप्त हुन आएको र पुनरावेदकले पनि माग बमोजिमको सूचना प्राप्त भएकोले लगतकट्टा गरिदिनु भनी मिति २०७३।०७।०४ मा आयोगमा निवेदन गरेकाले सो सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल मंसिर ०५ गते रोज १ शुभम् ।